# प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५

प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

प्रदेश नं. ५, बुटवल

# प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५

प्रस्तावना : प्रदेश सरकार, प्रदेश नं. ५ को नीति तथा कार्यक्रममा प्रदेश भित्र विद्युतको पहुँच सर्वसुलभ बनाइने उद्देश्य रहेको र सोही बमोजिम प्रदेशमा हालसम्म राष्ट्रिय प्रशारण लाइनमार्फत विद्युतको पहुँच नभएको घरधुरीहरुमा घरेलु सौर्य ऊर्जा प्रविधि जडानलाई प्रोत्साहन गर्न अनुदान उपलब्ध गराउन वाञ्छनीय भएको हुनाले प्रदेश सरकार, प्रदेश नं. ५ (मन्त्रिपरिषद) ले यो कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

१) यस कार्यविधिको नाम "प्रदेश नं. ५ घरेलु सौर्य ऊर्जा प्रणाली अनुदान कार्यविधि, २०७५" रहेको छ ।

२) यो कार्यविधि प्रदेश नं. ५ भरी लागू हुनेछ ।

३) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा :

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

१) "मन्त्रालय" भन्नाले भौतिक पूर्वाधार विकास मन्त्रालय, प्रदेश नं. ५ सम्झनु पर्छ ।

२) "केन्द्र" भन्नाले नेपाल सरकार मातहतको वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

३) "स्थानीय तह" भन्नाले संविधान बमोजिम गठित प्रदेश नं. ५ भित्रको गाउंपालिका र नगरपालिका सम्झनु पर्दछ ।

४) "सार्वजनिक खरिद कानून" भन्नाले प्रचलित सार्वजनिक खरिद ऐन वा नियमावली तथा प्रदेश सार्वजनिक खरिद सम्बन्धी अन्तरिम व्यवस्था गर्न बनेको कार्यविधि २०७५ सम्झनु पर्दछ ।

५) "विद्युतीकरण नभएको ठाउँ" भन्नाले घरधुरी वा स्थानमा राष्ट्रिय प्रशारण लाइन वा अन्य कुनै माध्यमबाट विद्युत सेवा नपुगेको स्थान भन्ने सम्झनुपर्छ ।

६) "लाभग्राही घरधुरी" वा "लाभग्राही व्यक्ति" भन्नाले घरेलु सौर्य उर्जा प्रविधि जडान गरिने प्रयोगकर्ता, लाभान्वित वा लाभग्राही सम्झनु पर्दछ ।

७) "घरेलु सौर्य विद्युत प्रणाली" भन्नाले नेपाल सौर्य विद्युत गुणस्तर (NEPQA) मा उल्लेख भए बमोजिमको ब्याट्री ,सोलार चार्ज कन्ट्रोलर र उपयुक्त संख्यामा बल्ब समेतको सामान्यतया १० देखि १०० वाट पिक क्षमता भएको सौर्य फोटोभोल्टिक पाता सहितको घरेलु सौर्य प्रणाली सम्झनुपर्छ ।

८) "स्वतन्त्र परामर्शदाता" भन्नाले कुनै निश्चित कार्य गर्नका लागि मन्त्रालयले करार वा सम्झौता गरी लिएको प्राविधिक परामर्शदाता संस्था वा व्यक्ति सम्झनु पर्छ ।

९) "सोलार कम्पनी" वा "कम्पनी" भन्नाले सौर्य विद्युत प्रणाली वा यसका कम्पोनेन्टहरु बिक्री, जडान तथा सुपरिवेक्षण गर्न केन्द्रले तोकेका आवश्यक सबै मापदण्ड तथा योग्यता पूरा गरेका मान्यता प्राप्त निजी कम्पनी भन्ने सम्झनु पर्दछ ।

१०) सूचीकृत कम्पनी भन्नाले यसै परिच्छेदको दफा ९) मा तोकिएको मापदण्ड तथा योग्यता पुगेका तथा यस कार्यविधि बमोजिम कार्य गर्न इच्छुक भई यस मन्त्रालयमा सूचीकृत भएका कम्पनी सम्झनु पर्छ ।

११) "नवीकरणीय उर्जा परीक्षण केन्द्र" भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानअन्तर्गत रहेको नवीकरणीय उर्जा परीक्षण गर्ने संस्था सम्झनु पर्छ ।

## परिच्छेद -२

## तथ्यांक संकलन

३. तथ्यांक संकलन :

१) घरेलु सौर्य उर्जा प्रविधि जडान कार्यमा हालसम्म राष्ट्रिय प्रशारण लाइन तथा अन्य कुनै प्रकारको विद्युत सेवा नपुगेको दुर्गम स्थानलाई प्राथमिकता दिइनेछ।

२) घरेलु सौर्य उर्जा प्रविधि जडान गर्नुपर्ने स्थानको पहिचान र सोको मागसम्वन्धी प्रारम्भिक तथ्यांक सम्बन्धित स्थानीय तहले प्रमाणित गरी मन्त्रालयमा पठाउनु पर्नेछ।

३) संकलन गरिएको मागहरु मन्त्रालयको प्रदेश अनुदान सिफारिस समितिमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद -३

## आयोजना छनौट

४. मन्त्रालयमा संकलित अनुदान सम्बन्धी मागहरुमध्ये अनुदानका लागि लाभग्राही घरधुरी वा व्यक्ति छनौटका लागि देहाय बमोजिम प्रदेश अनुदान सिफारिस समिति हुनेछ :-

| | |
|---|---|
| (क) सचिव, भौतिक पूर्वाधार विकास मन्त्रालय | संयोजक |
| (ख) महाशाखा प्रमुख, प्रशासन योजना तथा अनुगमन महाशाखा भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (ग) उपसचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| (घ) उपसचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | सदस्य |
| (ङ) उपसचिव, उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रालय | सदस्य |
| (च) इन्जिनियर, ऊर्जा विकास शाखा, भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य |
| (छ) महाशाखा प्रमुख, जलश्रोत तथा ऊर्जा महाशाखा ,भौतिक पूर्वाधार विकास मन्त्रालय | सदस्य सचिव |

५. प्रदेश अनुदान सिफारिस समितिको काम, कर्तव्य र अधिकार :

प्रदेश अनुदान सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :-

(क) मन्त्रालयमा संकलित मागहरुमध्ये उपयुक्त मागको छनौट गरी मन्त्रालयबाट उपलब्ध हुने अनुदानका लागि सिफारिस गर्ने।

(ख) अनुदानसम्बन्धी माग संकलनको फारम एवं कम्पनीलाई शोधभर्ना गरिने अनुदान रकमका लागि आवश्यक अनुदान आवेदन फारामको ढांचा स्वीकृति गर्ने ।

(ग) अनुदानको सिलिंग निर्धारणको सौर्यऊर्जाको क्षमता (वाट) अनुसार अधिकतम लागत अनुमान तोक्ने ।

(घ) अनुदान सिफारिसको आवश्यक परेको खण्डमा सम्बन्धित निकायहरुबीच समन्वय गर्ने।

(ङ) अनुदान वितरणलाई पारदर्शी, समावेशी, औचित्यपूर्ण एवम् सहज बनाउने सम्बन्धी विषयमा आवश्यक निर्णयहरु गर्ने ।

६. बैठक सम्बन्धी कार्यविधि :

१) प्रदेश अनुदान सिफारिस समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आँफैले निर्धारण गरेबमोजिम हुनेछ।

२) प्रदेश अनुदान सिफारिस समितिले बैठकमा विज्ञ वा सम्बन्धित संस्थाहरुलाई आमन्त्रण गर्न सक्नेछ।

## परिच्छेद -४

## कार्यान्वयनसम्बन्धी व्यवस्था

७. आयोजना कार्यान्वयन:

१) वेसलाइन अध्ययन सहित घरेलु सौर्यविद्युत प्रणाली खरिद तथा जडानकार्य गर्नका लागि मन्त्रालयले प्रचलित सार्बजनिक खरिद ऐन र नियमावली अनुसार सूचिकृत सोलार कम्पनीहरुबाट खरिद प्रक्रिया अवलम्बन गर्नेछ ।

२) स्थानीय तहले प्रमाणित गरी पठाएको घरेलु सौर्य उर्जा प्रविधि जडान गर्नुपर्ने स्थानको सूचना र मागको प्रारम्भिक तथ्यांक (इच्छुक र आवश्यक लाभग्राही घरधुरीको नामावली) छनौट भएको सूचिकृत कम्पनीलाई मन्त्रालयद्वारा उपलब्ध गराइनेछ ।

३) उक्त सूचीको आधारमा कम्पनीले घरेलु सौर्य विद्युत प्रणाली खरिद तथा जडान कार्यका बारेमा सम्बन्धित स्थानमा गणकहरु पठाई लाभग्राहीहरुलाई बिस्तृत जानकारी गराई माग फाराम भराई वेसलाइन अध्ययन तयार गर्नुपर्नेछ ।

४) सम्भाव्य स्थानको लाभग्राही व्यक्तिको फोटो, नागरिकताको फोटोकपि, जडान गर्न चाहेको क्षमता (वाट) आदि उल्लेख गरी व्यक्तिगत अनुदान बाहेकको रकमका लागि लाभग्राहीसंग सम्झौता गरी यस किसिमको मागको सूची कम्पनीद्वारा मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

५) यसरी छनौट भएको घरधुरी संख्यालाई मन्त्रालयबाट १० देखि १०० वाटसम्मका पिक क्षमता भएका घरेलु सौर्य विद्युत प्रणाली खरिद तथा जडान कार्यका लागि २५ वाट सम्मको हकमा कूल लागतको ९० प्रतिशत र २५ देखि १०० वाट सम्मको हकमा कूल लागतको ७५ प्रतिशत वा देहायको तालिका बमोजिमको क्षमता अनुसारको रकममा नबढ्ने गरी अनुदान रकम उपलब्ध गराउनेछ ।

| जडित क्षमता (वाट) | अधिकतम अनुदान रकम (रु.) |
|---|---|
| १० | ५७०० |
| २० | ९९०० |
| २५ | ११६०० |
| ४० | १४२०० |
| ५० | १८५०० |
| ६० | २०५०० |
| ८० | २२७०० |
| १०० (६० Ah को ब्याट्री भएको) | २४६०० |
| १०० (८०-१०० Ah ब्याट्री भएको) | २९४०० |

६) खरिद गरिने सौर्य प्रणालीका उपकरण तथा सामग्री (कम्पोनेन्ट) हरुको वारेन्टी तथा ग्यारेन्टी नेपाल सौर्य विद्युत गुणस्तर (NEPQA) अनुसार भएको हुनुपर्नेछ ।

७) खरीद गरिने सौर्य प्रणालीको नमूनाको गुणस्तर नवीकरणीय उर्जा परीक्षण केन्द्रबाट परीक्षण गरी परीक्षण प्रमाणपत्र लिएको हुनुपर्नेछ ।

## परिच्छेद -५

## भुक्तानी प्रक्रिया

८. कम्पनीहरुलाई गरिने भुक्तानी एवम् अन्य प्रक्रिया देहाय बमोजिम हुनेछ :

१) सोलार कम्पनीले मन्त्रालयले उपलब्ध गराउने अनुदान बाहेकको रकम लाभग्राही व्यक्तिबाट बुझी घरेलु सौर्य विद्युत प्रणाली उपलब्ध तथा जडान कार्य सम्पन्न गर्नुपर्नेछ ।

२) सो कार्य सम्पन्न भएका घरधुरीहरुको लाभग्राही व्यक्ति, घर र सोलार प्रणाली सहितको फोटोको विवरण, अनुदानका लागि निर्धारित अनुदान आवेदन फारम भरी सम्बन्धित स्थानीय तहबाट प्रमाणित गरी सोलार कम्पनीले मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

३) अनुदान आवेदन फाराम र सोको बिवरण मन्त्रालयमा पेश भएपछि मन्त्रालयले **प्रदेश अनुदान सिफारिस समितिले** तोकेको सिलिंगको आधारमा त्यसको चेकजांच गरी सम्बन्धित शाखाको सिफारिशको आधारमा जम्मा भुक्तानी पाउने रकमको ५० प्रतिशत रकम सोलार कम्पनीलाई **मन्त्रालयले** उपलब्ध गराउनेछ ।

४) यस्तो विवरणलाई मन्त्रालयले गणक वा कर्मचारी वा स्वतन्त्र परामर्शदाता पठाइ पूरै वा कम्तीमा २० प्रतिशत नमूनाको अनुगमन गरी रुजु गरिसकेपछि ३० दिन भित्रमा सोलार कम्पनीलाई बाँकी रकम (५ प्रतिशत धरौटी बाहेक) मन्त्रालयले भुक्तानी गर्नेछ।

५) अनुगमनको क्रममा रुजु हुन नसकेको प्रणाली जडानसँग सम्बन्धित कम्पनीलाई जरिवाना स्वरूप निजको बाँकी रहेको भुक्तानी रकम पूरै वा आंशिक भाग जफत हुने वा उक्त कम्पनीलाई २ वर्षका लागि अयोग्य हुनेगरी कालो सूचीमा राखिने वा दुवै गर्न सकिनेछ ।

६) जडान पछिको एक बर्ष नि:शुल्क सेवा (After Sales Service) को जिम्मेवारी कम्पनीमा रहनेछ । जडान पछि एक बर्षभित्र आउने गुनासोलाई कम्पनीले एक महिनाभित्र सेवा दिई सक्नुपर्नेछ। उक्त अवधिमा कुनै किसिमको गुनासो नआएमा वा गुनासो आएपछि सन्तोषजनक रुपमा सेवा दिएमा धरौटी रकम फुकुवा गरिनेछ ।

## परिच्छेद -६

## विविध

९. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस कार्यविधिमा लेखिएकोमा यसै बमोजिम र अन्यमा प्रचलित कानून बमोजिम हुनेछ । यस कार्यविधिमा भएका प्रावधानहरु प्रचलित कानूनसंग बाझिएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

१०. <u>थपघट तथा हेरफेर</u> : यो कार्यविधि आवश्यकता अनुसार प्रदेश सरकारले थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ।

११. <u>बाधा अड्काउ फुकाउ</u> : यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आईपरेमा मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ।